annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक ३१, पृष्ठ ८ | काठमाडौं, आइतबार १७ जेठ २०८३ | ज्येष्ठ शुक्लपक्ष पूर्णिमा, नेपाल संवत् ११४६ | SUNDAY, MAY 31, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

आवरण समाचार

# सास्तीबाट मुक्ति: ६ लेनको सडकमा गुड्दै पश्चिम नेपालको भविष्य



यात्रीहरूका लागि 'सास्ती' बनेको १४ किलोमिटरको कठिन बुटवल-नारायणगढ सडकको दाउन्ने खण्डमा ७.२ किमी सडक ढलान सकिएसँगै अब 'सरर...' गाडी गुड्ने भएको छ। ६ लेनको यो सडकले २४ घण्टाको कष्टपूर्ण यात्रालाई बढीमा ७-८ घण्टामा सीमित गरिदिएको छ। सडक निर्माणसँगै पश्चिम नेपालको अर्थतन्त्र चलायमान हुनेमा व्यवसायी र स्थानीय ढुक्क छन्।

**केशवराज क्षेत्री** | *बुटवल*

समाचार पृष्ठ २

| कुल दूरी | पश्चिमखण्ड | पूर्वीखण्ड | भौतिक प्रगति | वित्तीय प्रगति | वित्तीय प्रगति | बजेट |
|---|---|---|---|---|---|---|
| ११३ किमी | ४८ किमी (बुटवल-दाउन्ने) | ६५ किमी (दाउन्ने-नारायणगढ) | ९२% | ८१% (पश्चिमखण्ड) | ८६% (पूर्वीखण्ड) | १७ अर्ब ६८ करोड (दुवै खण्ड) |

## भारत जाँदै रास्वपा सभापति लामिछाने

### ४ सदस्यीय भ्रमण टोली रहने, दुवै पक्षबाट औपचारिक घोषणा हुन बाँकी

**दिनेश गौतम** | *काठमाडौं*



सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने तीनदिने भारत भ्रमणमा जाने तयारीमा छन्। लामिछानेसहितको ४ सदस्यीय भ्रमण टोली जाने निश्चित भए पनि दुवै पक्षले औपचारिक रूपमा घोषणा गरेका छैनन्।

सत्तारूढ दलको प्रमुखको हैसियतमा लामिछानेको भारत भ्रमण हुन लागेको यो पहिलोपटक हो। उच्चस्तरीय राजनीतिक भ्रमण भएका कारण आवश्यक कूटनीति र अन्य तयारी भइरहेको स्रोतले बतायो। सभापति लामिछानेसहित उनकी पत्नी निकिता पौडेल, पार्टी सहमहामन्त्री विपिनकुमार आचार्य र सचिवालय सदस्य दीपकराज बोहरा भारत भ्रमण गर्न लागेका हुन्। 'भारत भ्रमणमा जाने निश्चित नै हो,' रास्वपा स्रोतले भन्यो, 'अहिले यसबारेमा आधिकारिक स्टेटमेन्ट दिने कुरा भएको छैन। यो भ्रमणले नेपाल-भारत सम्बन्धलाई सरकार र पार्टीगत दुवै तहमा सुदृढ बनाउने अपेक्षा गरेका छौं।' जेठ १८ गते भारत भ्रमणमा गई २० गते स्वदेश फर्कने कार्यक्रम रहेको स्रोतले बतायो।

गत फागुन २१ गतेको प्रतिनिधिसभा निर्वाचनमा झन्डै दुईतिहाइ जनमत प्राप्त गरी सरकार बनाएको तीन महिनापछि पहिलो विदेश भ्रमण हुन लागेको हो। रास्वपाका वरिष्ठ नेतासमेत रहेका प्रधानमन्त्री वालेन्द्र शाहको भने तत्काल भारतलगायत कुनै पनि मुलुकमा जाने योजना छैन। गत मंगलबार सञ्चारकर्मीसँग कुराकानी गर्दै सरकारका प्रवक्तासमेत रहेका शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले अहिले कुनै पनि मुलुकको भ्रमण गर्ने कार्यक्रम प्रधानमन्त्री शाहको नरहेको बताएका थिए। 'सभापतिज्यू आफ्नै ढंगले भारत भ्रमणमा जाँदै हुनुहुन्छ। प्रधानमन्त्रीज्यूको त्यससँग कुनै सम्बन्ध छैन,' सरकारका प्रवक्तासमेत रहेका मन्त्री पोखरेलले भनेका थिए, 'प्रधानमन्त्रीज्यू विदेश कहीँ पनि जानुभएको छैन। भारत मात्र नजानुभएको होइन। सरकारको सय दिनको कार्यव्यस्तता एकदमै धेरै छ। काममा सबैजना फोकस पनि छौं।'

प्रधानमन्त्री शाहले जेठ १३ गते युरोपेली संघमा आबद्ध मुलुकका राजदूत तथा मिसन प्रमुखसँग भेट गरेका थिए। त्यस्तै गत चैत २५ गते प्रधानमन्त्री शाहले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा नेपालस्थित विभिन्न कूटनीतिक नियोगका राजदूत तथा प्रमुखसँग शिष्टाचार भेटघाट गरेका थिए। भेटघाटका क्रममा शाहले मित्रराष्ट्रहरूसँगको सम्बन्धलाई सुमधुर र सुदृढ बनाउन सरकार इच्छुक रहेको बताएका थिए।

» बाँकी पृष्ठ ६

## स्तन क्यान्सरका बिरामीले केमोथेरापी छल्न सम्भव छ !



**लन्डन** (बीबीसी): लाखौं स्तन क्यान्सरका बिरामीहरूले रासायनिक उपचार (केमोथेरापी) लाई सुरक्षित रूपमा छल्न सक्ने भएका छन्। वैज्ञानिकहरूले एउटा यस्तो डीएनए परीक्षण विकास गरेका छन्, जसले कुन बिरामीलाई यो उपचारबाट फाइदा हुन्छ र कसलाई हुँदैन भन्ने कुरा छुट्याउन सक्छ।

अन्तर्राष्ट्रिय अध्ययनका अनुसार सहभागी भएकामध्ये दुईतिहाइभन्दा बढी बिरामीहरू केमोथेरापीको साइड इफेक्टबाट बच्न सक्छन् र उनीहरूलाई हर्मोन थेरापीबाट मात्रै उपचार गर्न सकिन्छ। केमोथेरापीका कारण अत्यधिक थकान, वाकवाकी लाग्ने, कपाल झर्ने, रोग प्रतिरोधात्मक क्षमता कमजोर हुने र प्रजनन् क्षमतामा समस्या आउने जस्ता जटिलताहरू हुन सक्छन्।

युनिभर्सिटी कलेज लन्डनको नेतृत्वमा भएको यस अध्ययनमा बेलायत, नर्वे, स्वीडेन, अस्ट्रेलिया, न्युजिल्यान्ड र थाइल्यान्डका ४० वर्षभन्दा माथिका स्तन क्यान्सर पत्ता लागेका ४ हजारभन्दा बढी नयाँ निदान गरिएका बिरामीहरू समावेश थिए।

वैज्ञानिकहरूले स्तन क्यान्सरको वृद्धिमा भूमिका खेल्ने ५० वटा जीनहरूको गतिविधिको मापन गर्न र बिरामीमा रोग बल्झिने जोखिमको मूल्यांकन गर्न 'प्रोजिग्ना' नामक जीन परीक्षणको प्रयोग गरेका थिए।

कम अंक प्राप्त गर्ने बिरामीहरूलाई केमोथेरापी दिइएन। उक्त समूहको पाँच वर्षसम्म जीवित रहने दर ९३.७ प्रतिशत पाइयो, जुन आफ्नो उपचारको हिस्साका रूपमा केमोथेरापी लिने बिरामीहरूको जीवित रहने दर (९४.९ प्रतिशत) सँग निकै नजिक छ। स्तन क्यान्सरको प्राथमिक उपचार सामान्यतया ट्युमर हटाउन गरिने शल्यक्रिया नै हो। त्यसपछि क्यान्सर बल्झिने जोखिम कम गर्न अक्सर केमोथेरापी सिफारिस गरिन्छ। यो परीक्षण प्रारम्भिक चरणको स्तन क्यान्सर भएका र क्यान्सर नजिकैका ग्रन्थीसम्म फैलिएका बिरामीहरूलाई पनि नियमित रूपमा दिइने गरिन्छ। यूसीएलका अनुसार चिकित्सकहरू सबैभन्दा धेरै देखिने प्रकारको स्तन क्यान्सर भएका बिरामीहरूका लागि यो उपचारले खासै फाइदा नपुऱ्याउने कुरामा चिन्तित छन्। विश्वविद्यालयले यस परीक्षणको परिणाम स्वरूप बेलायतको सरकारी स्वास्थ्य सेवाका वार्षिक ५ हजारभन्दा बढी बिरामीहरूले केमोथेरापी छल्न सक्ने बताएको छ।

» बाँकी पृष्ठ ६

## बढ्यो सार्वजनिक सवारीको कर

**काठमाडौं** (अन्नपूर्ण): सरकारले व्यावसायिक तथा भाडामा प्रयोग हुने विभिन्न प्रकारका सार्वजनिक सवारी साधनहरूको वार्षिक आयकरको दरमा भारी वृद्धि गरेको छ।

यातायात व्यवस्था कार्यालयमार्फत सवारी साधन दर्ता वा नवीकरण गर्दा गाडी धनीले अनिवार्य बुझाउनुपर्ने वार्षिक करको दर परिमार्जन भएसँगै अब सानादेखि ठूला र विद्युतीय सवारी साधनको सञ्चालन लागत महँगो हुने भएको छ। नयाँ व्यवस्थाअनुसार सवारी साधनको वर्गीकरण र क्षमताका आधारमा वार्षिक करमा १ हजार रुपैयाँदेखि २ हजार ५ सय रुपैयाँसम्म वृद्धि गरिएको छ।

परिमार्जित दररेट अनुसार १३०० सीसीसम्मका कार, जिप, भ्यान र माइक्रो बसको वार्षिक कर ५ हजार ५ सयबाट बढेर ६ हजार ५ सय रुपैयाँ पुगेको छ भने ४००० सीसीभन्दा माथिका ठूला सवारीले अब ११ हजार रुपैयाँ तिर्नुपर्नेछ। मध्यम तथा ठूला व्यावसायिक सवारीतर्फ मिनी ट्रक र मिनी बसको कर ९ हजार ५ सय तथा ठूला ट्रक र बसको कर १२ हजार ५ सय रुपैयाँ कायम गरिएको छ। हेभी मेसिनरी उपकरण, तेल ट्यांकर र ग्यास बुलेटको कर सबैभन्दा बढी १७ हजार ५ सय रुपैयाँ पुऱ्याइएको छ। विद्युतीय सवारी साधनका लागि क्षमताअनुसार ४ हजारदेखि ९ हजार ५ सय रुपैयाँसम्मको नयाँ कर निर्धारण गरिएको छ।

## बजेटको छायामा कूटनीति

### विज्ञ भन्छन् 'कूटनीतिलाई खर्चिलो प्रशासनिक संरचना मात्रै ठानियो'

**राधा खनाल** | *काठमाडौं*

सरकारले आर्थिक वर्ष २०८३/०८४ का लागि २१ खर्ब २४ अर्ब ३४ करोड रुपैयाँको महत्त्वाकांक्षी बजेट सार्वजनिक गरे पनि मुलुकको कूटनीति र परराष्ट्र सम्बन्ध सुदृढीकरणको पाटो भने ओझेलमा परेको छ। बजेटमा आर्थिक सुधार, पूर्वाधार, ऊर्जा, कृषि र सूचना प्रविधिलाई प्राथमिकता दिइए पनि कूटनीतिक क्षेत्रका लागि ठोस कार्यक्रम र पर्याप्त बजेट विनियोजन नभएको परराष्ट्रविद्हरूले आरोप लगाएका छन्।

भूराजनीतिक रूपमा संवेदनशील तथा भारत र चीनजस्ता दुई उदाउँदा आर्थिक शक्तिहरूको बीचमा रहेको नेपालका लागि कूटनीति राष्ट्रिय सुरक्षा, आर्थिक विकास, लगानी प्रवर्धन र अन्तर्राष्ट्रिय प्रतिष्ठासँग प्रत्यक्ष जोडिने विषय हो। तर, हरेक वर्ष झैं यस वर्षको बजेटमा पनि कूटनीतिक क्षेत्र प्राथमिकतामा पर्न नसकेको विज्ञहरूको बुझाइ छ।

विज्ञहरूका अनुसार वर्तमान विश्वमा कूटनीति केवल राजनीतिक सम्बन्धमा मात्र सीमित नरहेर वैदेशिक लगानी भित्र्याउने, निर्यात प्रवर्धन गर्ने र आर्थिक हित सुरक्षित गर्ने बलियो माध्यम बनेको छ। धेरै मुलुकले आर्थिक कूटनीतिलाई विकासको मुख्य आधार बनाइरहँदा नेपालले भने अझै पनि यस क्षेत्रलाई खर्चिलो प्रशासनिक संरचनाका रूपमा मात्रै हेरिरहेको गुनासो छ।

पूर्वराजदूत दिनेश भट्टराई अर्थमन्त्रीको बजेट भाषण सुन्नमा मीठो भए पनि प्राथमिकताका हिसाबले कूटनीतिलाई समेट्न नसकेको बताउँछन्। 'बजेटले केही दूतावासहरू बन्द गर्ने जुन सुरुवात गरेको छ, त्यसका लागि बनेको कार्यदलको प्रतिवेदन पूर्ण रूपमा कार्यान्वयन गरेको भए अझ राम्रो हुन्थ्यो। बजेटमा आर्थिक कूटनीतिका ठूला कुरा गरिए पनि कार्यान्वयनका लागि स्रोतसाधन चाहिन्छ,' उनले भने, '२१औं शताब्दीका चुनौती सामना गर्न सक्ने गरी बजेट विनियोजन भएको देखिँदैन।'

बजेटमा उच्चस्तरीय वैदेशिक भ्रमणलाई मितव्ययी बनाउने र आवश्यक अवस्थामा मात्र सरकारी स्रोत उपयोग गर्ने उल्लेख छ। यद्यपि, कूटनीतिक सक्रियता विस्तार र विदेशस्थित नेपाली दूतावासहरूको कार्यक्षमता बढाउने विषयमा बजेट मौन रहेको जानकारहरू बताउँछन्।

अर्का पूर्वराजदूत विजयकान्त कर्ण पनि बजेटले



कूटनीति क्षेत्रलाई खासै महत्त्व नदिएको तर्क गर्छन्। तर, सरकारले केही देशका दूतावास बन्द गर्ने गरी लिएको नीति भने सकारात्मक रहेको उनको भनाइ छ। कर्ण भन्छन्, 'स्पेन, पोर्चुगल, अस्ट्रिया, म्यानमार र क्यानडाजस्ता देशका दूतावास पनि बन्द गरिदिए हुन्छ। यी देशमा दूतावास राखेर नेपालको ग्लोबल, क्षेत्रीय वा लगानीगत रूपमा कुनै फाइदा भएको छैन। अमेरिकामा रहेका दुईवटा वाणिज्य दूतावास पनि बन्द गरी त्यसको सट्टा अमेरिका, भारत र चीनजस्ता रणनीतिक देशका दूतावासमा कर्मचारी थप्नुपर्छ।'

आर्थिक कूटनीतिको कुरा गरे पनि नेपाली उत्पादनको अन्तर्राष्ट्रिय बजारीकरण हुन नसकेको कर्णको विश्लेषण छ। परराष्ट्र मन्त्रालयले अर्थ र उद्योग मन्त्रालयसँग मिलेर मात्र आर्थिक कूटनीतिमा बलियो काम गर्न सक्ने भन्दै उनले कूटनीतिलाई 'खर्च' नभई 'लगानी' का रूपमा हेर्न सरकारलाई आग्रह गरे।

नेपालले जलवायु परिवर्तन, श्रम, व्यापार र ऊर्जा कूटनीति तथा प्रवासी नेपालीसँगको सम्बन्धलाई राष्ट्रिय विकासको आधार बनाउन सक्ने सम्भावना भए पनि त्यसका लागि आवश्यक बजेट, जनशक्ति र नीतिगत स्पष्टता देखिँदैन।

पूर्वराजदूत दीपकुमार उपाध्याय परिणाम नआई बजेटको विश्लेषण गरिहाल्न नमिल्ने बताउँछन्। 'विगतका कमीकमजोरी नदोहोऱ्याउने प्रतिबद्धता आएकाले आशावादी हुने ठाउँ छ। तर, खर्च घटाउने कोसिस गरिए पनि ऋणको भारी बोक्न खोजिएको देखिन्छ,' उनले भने। कूटनीतिको पाटोमा कसैको स्वार्थमा नढल्की असंलग्न रहनुपर्नेमा जोड दिँदै उनले वैदेशिक सहायताका नाममा हुने कतिपय गतिविधिले भोलि राष्ट्रिय स्वार्थ र सम्प्रभुतामा असर गर्न सक्नेतर्फ सचेत गराए।

बजेटले अन्तर्राष्ट्रिय सम्बन्धमार्फत विकासलाई जोड दिएको दाबी गरे पनि स्रोत विनियोजनको चित्रले कूटनीतिक क्षेत्र फेरि पनि छायामा परेको देखाउँछ। बदलिँदो विश्व परिवेशमा नेपालको राष्ट्रिय हित संरक्षणका लागि कूटनीतिलाई परिमार्जन गर्नुपर्ने आवश्यकता यो बजेटले पुन: स्मरण गराएको पूर्वराजदूत शर्मिला ढकाल पराजुलीको भनाइ छ। उनी भन्छिन्, 'बजेटले पछिल्ला वर्षहरूमा नेपालको आधुनिक र परिष्कृत परराष्ट्र नीतिको दृष्टिकोण प्रस्तुत त गरेको छ तर यसको वास्तविक परीक्षा भनेको भारत र चीनबीचको सन्तुलित सम्बन्धलाई व्यवहारमा उतार्नु हो।'